त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय, बल्खु, काठमाडौं ।

मितिः २०८३/०८/०४

स्नातकोत्तर तथा अधिस्नातक तह (MA& PGD) मा नयाँ विद्यार्थी भर्ना सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा आधारित **शैक्षिक वर्ष २०२६ (२०८३/०८४)** को अधिस्नातक (PGD) तथा स्नातकोत्तर (MA) तहका केन्द्रीय विभागहरू/क्याम्पसहरू तथा कार्यक्रमहरूमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम देहाय बमोजिम सञ्चालन हुने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवेदकहरूद्वारा entrance.tufohss.edu.np मा गई New Student Registration बाट आफूले भर्ना हुन चाहेको विषय तथा अध्ययन गर्न चाहेको केन्द्रीय विभाग/क्याम्पस/कार्यक्रमहरूका निमित्त अनलाइन आवेदन फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै कार्यवाही हुने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

- **आवेदनका लागि न्यूनतम योग्यता:** त्रि.वि. वा त्यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेका एवम् सम्बन्धित विषय समितिले निर्धारण गरेका मापदण्डहरू पूरा गरेका विद्यार्थीहरू यस प्रवेश परीक्षामा सहभागी हुन सक्ने छन् । अनलाइन आवेदन फाराम भर्दा हालसालै खिचेको फोटो र एस.एल.सी./एस.ई.ई. देखि स्नातक तहसम्म उत्तीर्ण गरेका सम्पूर्ण शैक्षिक प्रमाण-पत्रहरू अनिवार्य रूपमा अपलोड गर्नुपर्ने छ ।
- **आवेदन फाराम भर्ने समयावधि:** मिति २०८३ मङ्सिर १० गते देखि पुष १५ गते राती १२:०० बजेसम्म ।
- **आवेदन दस्तुर :** नियमित तर्फ रू. १,५००/- र कार्यक्रम तर्फ रु. २,५००/- । आवेदकहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर बुझाउनुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- **प्रवेश परीक्षा मितिः** नियमित कार्यक्रम तथा आन्तरिक स्रोतबाट सञ्चालित अधिस्नातक (PGD) तथा स्नातकोत्तर (MA) कार्यक्रमहरूको २०८३ माघ पहिलो हप्ता हुनेछ ।

SN	Programme
1.	**Master's Degree - MA Programme : Regular Programme**
	Anthropology, Buddhist Studies, Economics, English, Fine Arts, Dance, Nepalese History Culture and Archeology (NeHCA), Geography, Hindi, History, Journalism and Mass Communication, Home Science, Library Science, Linguistics, Maithili, Nepalbhasha, Nepali, Political Science, Population Studies, Psychology, Rural Development, Sanskrit & Sociology

2.	**Post Graduate Diploma Programme: Self-sustainable Programme** (आन्तरिक स्रोतबाट सञ्चालित अधिस्नातक **(PGD)** कार्यक्रमहरू)
	Counseling Psychology, Dietetics and Public Health Nutrition, School Counseling, Women Studies, Yoga Science and Library and Information Science
3.	**Master's Degree- MA Programme : Self-sustainable Programme** (आन्तरिक स्रोतबाट सञ्चालित स्नातकोत्तर कार्यक्रमहरू)
	Labour Studies, Counseling Psychology, Public Policy Governance and Anti-corruption Studies, Tourism and Hospitality Management Studies and Crisis Management Studies, Sports Science and Yogic Science, International Relations and Diplomacy (IRCD), Conflict peace Development Studies, Social Work & Gender Studies.

- प्रवेश परीक्षाको अङ्कभार १०० पूर्णाङ्ककको हुने छ जसमा स्नातक तहको सम्बन्धित विषयको पाठ्यक्रमका आधारमा वहुवैकल्पिक प्रश्नहरू ५० वटा सोधिने छ। उक्त परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुने छ। आन्तरिक स्रोतबाट सञ्चालित अधिस्नातक तथा स्नातकोत्तर कार्यक्रमहरूको भने सम्बन्धित विषय समितिले निर्धारण गरे बमोजिम हुनेछ।
- **प्रवेश परीक्षाको नतिजा प्रकाशन:** २०८३ साल माघ्र महिनाको दोस्रो हप्ता।

परीक्षा केन्द्र सम्बन्धी सूचना यस सङ्कायको website: www.tufohss.edu.np मा पछि प्रकाशित गरिने छ।

नोट :

- सम्बन्धित क्याम्पस/विभाग/कार्यक्रमहरूले परीक्षार्थीहरूले अनलाइन मार्फत भरेका आवेदन फारामहरू डीन कार्यालयले उपलब्ध गराएको **username** र **password** प्रयोग गरी आवेदन दस्तुर, मिल्दो विषय आदि Verify गर्नु पर्ने छ। सम्बन्धित क्याम्पस/विभाग/कार्यक्रमहरूबाट Verify भए पश्चात् डीन कार्यालयबाट Approved भइसकेपछि मात्र मिति २०८३ साल पुष चौथो हप्ता देखि परीक्षार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी प्रवेश-पत्र प्राप्त गर्न सक्ने छन्।
- साथै, त्रि.वि. कार्यकारी परिषद्को निर्णयअनुसार क्याम्पसहरूले सम्बन्धन/स्वीकृति लिएका प्रत्येक विषयहरूमा कम्तीमा १० जना विद्यार्थी भर्ना गरी कार्यक्रम सञ्चालन गर्न समेत सूचित गरिएको छ। यदि १० जना भन्दा कम विद्यार्थीहरू भएको खण्डमा सम्बन्धित विषयको पठनपाठन सञ्चालन गर्न नपाइने व्यहोरा समेत जानकारी गराइन्छ।
- त्रि.वि. प्राज्ञिक परिषद्को मिति २०८३ असार १७ गते को निर्णय अनुसार नेपाली विषयको नयाँ पाठ्यक्रम यहि शैक्षिक शत्र देखि लागू हुने व्यहोरा सम्बन्धीत सबैमा जानकारी गराईन्छ।

Faculty of Humanities & Social Sciences
Dean's Office
T.U., Kirtipur

डा. चिरञ्जीवी आचार्य
सहायक डीन